# सरावल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

GP3H+XMG Sarawal
+977 9857046266


पत्र संख्या:-
च.नं.:-

मिती: २०८०/१२/२५

**सरावल गाउँपालिकको रोजगार सेवा केन्द्रबाट प्रदान हुने सेवाहरुको बारेमा सूचना**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान हुने निम्न उल्लेखित सेवाहरू सेवाहरू यसै गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत लिन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।
श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका, करार अवधिभित्र वा तोकिएको अवधिभित्र सम्मका लागि कामदार एवं कामदारको परिवारलाई बोर्डबाट देहाय बमोजिमका सेवा प्रदान गरिने जानकारी गराईन्छ।

- कामदार विदेश वा नेपालमा समेत विरामी वा अंगभंग भएमा उपचारका लागि ७ लाख रुपैयाँ सम्म आर्थिक सहायता।
- कामदारको घरपरिवारका सदस्यलाई गम्भीर रोग लागेमा एक पटकका लागि ५० हजार रुपैयाँ सम्म औषधी उपचार सहयोग।
- विदेशमा उद्दार तथा खोजतलासको समन्वय तथा स्वदेश फिर्ता ल्याउने एवं फौजदारी अभियोग लागि कानूनी सहायता आवश्यक परेमा कानुनी प्रतिरक्षा सहायता।
- महिला कामदारले पूर्व-प्रस्थान अभिमुखीकरण तालिम वापत तिर्नुपर्ने शुल्क सोधभर्ना ।
- विदेशमा कामदारको मृत्यु भएमा शव नेपाल झिकाउने एवं त्रिभुवन विमानस्थलबाट इच्छाईएको सडक पुगेको स्थलसम्म निःशुल्क शव ढुवानी सेवा।
- मृतक कामदारको नजिकको हकवालालाई २५ हजार वा ७ लाख रुपैया आर्थिक सहायता प्रदान।
- पूर्ण आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता।
- विदेशबाट फर्किएका रिटर्नी कामदारहरुलाई उद्यमशील बनाउने लगायत अन्य प्रवर्द्धनात्मक विभिन्न कार्यक्रमहरु।

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष